# नेपाल-संस्कृत-विश्वविद्यालय
# परीक्षा-नियन्त्रण-कार्यालयको
# परीक्षा आवेदन प्रपत्र (फाराम)
# भर्ने सम्बन्धी सूचना

नेपाल संस्कृत विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय बेलझुण्डी दाङद्वारा वि.सं. २०७८ सालमा सञ्चालन गरिने प्राक्शास्त्री-२०७७, सेतु-२०७७ तथा विज्ञानोत्तरमध्यमा प्रथम/द्वितीय खण्ड (आंशिक/मौका)-२०७७ र उत्तरमध्यमा तह प्रथम तथा द्वितीय खण्ड (आंशिक र मौका)-२०७७ समेतको परीक्षा नियमानुसार दिन पाउने परीक्षार्थीहरूले समेत नियमानुसार परीक्षा आवेदन प्रपत्र (फाराम) भरी वि.सं. २०७८।०५।१८ गतेसम्म आ-आफ्नो विद्यापीठमा बुझाउन सम्बद्ध सबैको जानकारीका निमित्त यो सूचना प्रकाशित गरिएको छ । परीक्षा आवेदन प्रपत्र (फाराम) परीक्षा-नियन्त्रण-कार्यालय दाङ, ने.सं.वि.अन्तर्गतका आङ्गिक र सम्बन्धनप्राप्त सबै विद्यापीठहरूबाट प्राप्त गर्न सकिनेछ ।

**१. परीक्षा शुल्कहरू :-**

| तह | नियमित | | स्वतन्त्र | | स्वतन्त्र तथा विशिष्टका लागि डाँकखर्च | फर्म शुल्क | केन्द्र शुल्क | रजिष्ट्रेशन शुल्क | इमिग्रेशन शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रतिखण्ड पूरा | प्रतिपत्र आंशिक | प्रतिखण्ड पूरा | प्रतिपत्र आंशिक | | | | | |
| उत्तरमध्यमा | - | ३०।- | - | ४०।- | २०।- | २०।- | ३०।- | - | - |
| विज्ञानोत्तरमध्यमा | - | १५०।- | - | - | - | १००।- | १५०।- | - | - |
| प्राक्शास्त्री | ५०० | - | ६०० | - | २०।- | - | - | - | - |
| सेतु | १५० | - | - | - | २०।- | २०।- | ३०।- | १५०।- | १००।- |

**२. विलम्व शुल्क सम्बन्धमा :-**

परीक्षा आवेदन प्रपत्र (फाराम) बुझाउने म्याद भुक्तान भएको मितिले पहिलो हप्तासम्म रू. १००।-, दोस्रो हप्तासम्म रू. २००।- र तेस्रो हप्तासम्म रू ५००।- जम्मा गरी आवेदन प्रपत्र (फर्म) बुझाउन सकिनेछ ।

**३. परीक्षा शुल्क पठाउने सम्बन्धमा :-**

परीक्षा-शुल्क रा.बा.बैंक शाखा कार्यालय, तुलसीपुरमा रहेको यस कार्यालयको च.हि.नं. ४१६०००१९०५०१ मा रकम जम्मा गरेको सक्कल भउचर संलग्न गरी पठाउनुपर्नेछ ।

**४. परीक्षा आवेदन प्रपत्र (फर्म) भर्दा/भराउँदा ध्यान दिनुपर्ने कुराहरू :-**

(क) नियमित परीक्षार्थीहरूको हाजिरी प्रतिशत विद्यापीठले अनिवार्यरूपमा परीक्षा फाराममा उल्लेख गर्नुपर्नेछ ।

(ख) परीक्षार्थीहरूले परीक्षा आवेदन प्रपत्र (फाराम) खण्डशः बेग्लाबेग्लै भर्नुपर्नेछ ।

(ग) नियमित परीक्षार्थीहरूले पूर्व परीक्षाको लब्धाङ्कपत्र तथा शैक्षिक प्रगति विवरण प्रपत्रको प्रमाणित प्रतिलिपि अनिवार्यरूपमा पेस गर्नुपर्नेछ ।

**(घ) आंशिक परीक्षाका परीक्षार्थीहरूले तह प्रवेश वर्ष र प्रत्येक पटक परीक्षा दिएको वर्ष एवं अनुक्रमाङ्क क्रमैसँग अनिवार्यरूपमा भरी पूर्व लब्धाङ्कपत्रका प्रमाणित प्रतिलिपिहरू पनि अनिवार्यरूपमा पठाउनुपर्नेछ ।**

(ङ) अन्य विश्वविद्यालयबाट परीक्षा उत्तीर्ण गरेका परीक्षार्थीहरूले आफूले प्राप्त गरेको पूर्व परीक्षाका सबै प्रमाणपत्र र लब्धाङ्कपत्रहरूका प्रमाणित प्रतिलिपि समेत परीक्षा आवेदन प्रपत्र (फाराम) सँगै पेस गरी पठाउनुपर्नेछ ।

*क्रमशः*

परीक्षा-नियन्त्रक

Scanned with CamScanner

(च) उपर्युक्त बमोजिम तोकिएको परीक्षा शुल्क नपठाएमा, नियमानुसार परीक्षा फाराम नभरिएमा पञ्जीकरण प्रपत्र (दर्ता फाराम) नभरेमा वा समयभित्र प्राप्त हुन नआएमा त्यस्ता परीक्षा फाराम अस्वीकार्य हुनेछन् ।

५. स्वतन्त्र परीक्षार्थीहरूले परीक्षा आवेदन प्रपत्र (फाराम) भरी सिधै परीक्षा नियन्त्रण कार्यालय, दाङमा पठाउनुपर्नेछ र स्वतन्त्र परीक्षार्थीले प्रत्येक खण्डका परीक्षाहरू एउटै केन्द्रबाट दिनुपर्नेछ ।

६. सबै तहका परीक्षा आवेदन फारामहरू विद्यापीठले राम्रोसँग रुजु गरी खण्डशः अलग-अलग गरी परीक्षार्थीहरूको विषयगत विवरण वर्णानुक्रमअनुसार तयार पारी शुल्कसहित फाराम भर्ने अन्तिम मितिले ७ दिनभित्र परीक्षा नियन्त्रण कार्यालय बेलझुण्डी, दाङमा आइपुग्ने गरी पठाउनुपर्नेछ ।

७. राम्रोसँग परीक्षा आवेदन फाराम नभरी विवरण फरक पर्न गएमा सम्बन्धित परीक्षार्थी वा विद्यापीठ नै जवाफदेही हुनेछन् ।

दिनाङ्क :- २०७८ साल श्रावण १४ गते,
बेलझुण्डी, दाङ ।

(डा. बाबुराम आचार्य)
परीक्षा नियन्त्रक

परीक्षा-नियन्त्रक